**प्र.मं.प.बै.सं. २४/२०७६**

**२०७६ साल पौष १४ गते सोमवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** सम्वत २०७६ माघ ५ गते दिनको १३:०० बजे प्रदेश सभाको अधिवेशनको आह्वान हुन प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने।

२. **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः-** "वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

३. **भौतिक पूर्वाधार विकास मन्त्रालयः-** "विपद् प्रभावित क्षेत्रमा एकिकृत बस्ती तथा पूर्वाधार विकास कार्यक्रम कार्यविधि, २०७६" स्वीकृत गर्ने।

४. **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः-** "कृषि क्षेत्रमा हरित स्वयम् सेवक विकास तथा परिचालन कार्यविधि, २०७६" स्वीकृत गर्ने।

५. **सामाजिक विकास मन्त्रालयः-** "पाठ्यक्रम तथा पाठ्यसामग्री विकास कार्यविधि, २०७६" स्वीकृत गर्ने।

६. **सामाजिक विकास मन्त्रालयः-** १३औं सागमा विभिन्न पदक प्राप्त गर्ने प्रदेश नं. ५का खेलाडीहरुलाई प्रोत्साहन स्वरुप देहायबमोजिम रकम प्रदान गर्ने।

| **प्रकार** | **पदक** | **रकम (रु.)** | **खेलाडी संख्या** |
|---|---|---|---|
| एकल प्रतिस्पर्धा | स्वर्ण | १०,००००।- | ३ जना |
| | रजत | ८०,०००।- | ४ जना |
| | कास्य | ६०,०००।- | ७ जना |
| समूह प्रतिस्पर्धा | स्वर्ण | ८०,०००।- | २ जना |
| | रजत | ६०,०००।- | १६ जना |
| | कास्य | ४०.०००।- | १४ जना |